प्रदेश सरकार

प्रदेश नं. ५

# सामाजिक विकास मन्त्रालय

बुटवल, नेपाल

पत्र संख्याः २०७५/०७६

चलानी नं.: १३८३

मितिः२०७६।०८।०९

विषयः सूचना सम्प्रेषण गरि सहभागिको व्यवस्था गराउने बारे।

श्री उप-महानगर, नगर र गाउँपालिकाहरु सबै

प्रदेश नं. ५ ।

प्रस्तुत विषयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियानको अवसरमा माध्यमिक तहका विद्यार्थीहरूबीच **" लैङ्गिक हिंसाका कारण र निवारणका उपाय"** विषयमा प्रदेश स्तरीय निबन्ध प्रतियोगिताको आयोजना गर्ने भएकोले सोको सूचना सम्प्रेषणका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं.६९(कानुन) मिति २०७६/०८/०८ को पत्रानुसार लेखी आएकोले सोहिअनुसार ताहाँ पालिका स्थित सबै माध्यमिक विद्यालयहरुमा सूचनाको सम्प्रेषण गराइ सहभागिहुन इच्छुक विद्यार्थीहरुलाई सहभागिता जनाउने वातावरण मिलाइदिनु हुन निर्देशानुसार अनुरोध छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट उक्त कार्यक्रमको सम्बन्धमा प्राप्त पत्रको छाँया प्रति यसै पत्रसाथ संलगन गरिएको छ साथै सहभागी विद्यालय र विद्यार्थीहरूले उक्त पत्रमा उल्लेखित शर्तहरुको पालना गर्नु पर्ने छ ।

बेगम के.सी.

(शाखा अधिकृत)

प्रदेश सरकार
प्रदेश नं. ५
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(कानून तथा संवैधानिक मामिला महाशाखा)
बुटवल, नेपाल

पत्र संख्या:- २०७६/०७७
चलानी नं.:- कानून - ६८

मिति: २०७६।०८।०८

विषय: निबन्ध प्रतियोगिता सम्बन्धमा।

उपरोक्त सम्बन्धमा यस मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलयले लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको अवसरमा माध्यमिक तहका विद्यार्थीहरुबीच **"लैङ्गिक हिंसाका कारण र निवारणका उपाय"** विषयमा प्रदेशस्तरीय निबन्ध प्रतियोगिता आयोजना गर्दैछ। यस प्रतियोगीतामा इच्छुक विद्यार्थीले मिति २०७६।०८।२४ गते भित्र आफ्नो निबन्ध मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलय, प्रदेश नं. ५ बुटवलमा सक्कलै प्रति दर्ता गराउन वा infocmofficep5@gmail.com मा Word Document प्रति इमेल गरी समेत पठाउन सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरु:

- निबन्ध नेपाली र अंग्रजी मध्ये कुनै एक भाषामा कम्तिमा १००० शब्द समेटेको हुनुपर्नेछ।
- एक विद्यालयबाट बढीमा ३ जना विद्यार्थी सहभागी हुन सक्नेछन। विद्यालयले आफ्ना विद्यालयका विद्यार्थीको रचना एकमुष्ट रुपमा यस कार्यालयमा Hard Copy वा Soft copy पठाउन सक्नेछन्।
- प्रतियोगीले copyright को सर्वमान्य सिद्धान्तलाई आत्मसाथ गरी आफ्नो रचना लेखन गर्नु पर्नेछ।
- प्रतियोगी प्रदेश नं. ५ भित्रका विद्यालयमा अध्ययनरत विद्यार्थी हुनुपर्नेछ।
- निबन्ध समयसीमा भित्रै यस कार्यालयमा प्राप्त भईसकेको हुनुपर्नेछ।

पुरस्कार राशी:

- प्रथम: रु. १००००।-
- द्वितिय: ७०००।-
- तृतीय: रु. ५०००।-
- सान्त्वना: रु. ४०००।- (२ जना)

२०७६।०८।०८
(सुष्मिता पाण्डेय)
कानून अधिकृत